दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १२२ | बुटवल | २०८२ बैशाख १६, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday Apr. 29, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## ‘शिक्षा ऐन जारी नभएसम्म आन्दोलन जारी’

बुटवल । नेपाल शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले शिक्षा ऐन जारी नभएसम्म आन्दोलन जारी रहने स्पष्ट पारेका छन् ।

उनले शिक्षक आन्दोलन बद्नाम गराउन विरोधीहरूले अनेक कुप्रचार गरिरहेको आरोप लगाएका छन् ।

विद्यालय शिक्षा ऐन जारी गर्न माग गर्दै गत चैत्र २० गतेदेखि काठमाडौँमा जारी आन्दोलनको २७औँ दिनसोमबार सम्बोधन गर्दै उनले यस्तो आरोप लगाएका हुन् ।

उनले आइतबार भएको शिक्षक आन्दोलनमा प्रहरी प्रशासनले गरेको अलोकतान्त्रिक कदमको महासंघले भर्त्सना गरेको बताए । उनले आन्दोलनमा ‘भिजिलान्ते’ प्रयोग गरी विरोधीहरूले ढुङ्गामुडाको अवस्था सिर्जना गरेर प्रहरीले दमन गरेको आरोप लगाए ।

» बाँकी ३ पेजमा

## कांग्रेसभित्र लथालिङ्ग : शेखर

बुटवल । नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले पार्टीको १५औं महाधिवेशन आगामी मंसिरमा हुनुपर्ने भए पनि कोही पदाधिकारी नबोलेको बताएका छन् ।

बीपी कोइराला सोसलिस्ट इन्टरनेशनल नेपालद्वारा सोमबार काठमाडौंमा आयोजित ‘बीपीको समाजवाद र स्थानीय सरकार’ नामक पुस्तक लोकार्पण तथा ‘आजको सन्दर्भमा बीपीको समाजवादी चिन्तनको सार्थकता र सान्दर्भिकता’ विचार गोष्ठीमा उनले यस्तो बताएका हुन् ।

पार्टीका भ्रातृ संस्थाहरू लथालिङ्ग भएको बताउँदै उनले पार्टीको १५औं महाधिवेशन आगामी मंसिरमा हुनुपर्ने भए पनि हुन्छ/हुँदैन भन्ने कोही नेतृत्व तथा पदाधिकारी नबोलेको धारणा राखे ।

‘नेपाली कांग्रेसको कुरा गरौं, भ्रातृ संस्थाहरू लथालिङ्ग छ, महाधिवेशन २०८२ को मंसिरमा हुनुपर्ने हो ।

» बाँकी ३ पेजमा

## एकै ठाउँ उभिए राजसंस्था पक्षधर

बुटवल । राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अध्यक्ष कमल थापाले सबै राजसंस्था पक्षधर शक्तिहरू एक ढिक्का भएर अगाडि बढ्न अपिल गरेका छन् । व्यक्ति र पात्रलाई नहेरी एजेन्डाका आधारमा हेरेर एक ठाउँमा आउनुपर्ने उनको भनाइ छ ।

राप्रपा नेपालले आयोजना गरेको कार्यक्रममा बोल्दै थापाले सबै राजावादीहरू मिलेको खण्डमा केही हप्ता वा केही महिनाभित्रैमा हिन्दू राष्ट्र र राजसंस्थासहितको प्रजातन्त्र स्थापना गर्न सकिने दाबी गरे ।

उनले भने-‘हामी सबै एक ढिक्का भएर अगाडि बढ्ने संकल्प गरौं । केही हप्ता, केही महिनाभित्रैमा हिन्दू राष्ट्र र राजसंस्था पुनःस्थापना गर्न सकिन्छ । एकपटक सबै प्रकारका स्वार्थभन्दा माथि उठेर अगाडि बढौं । हामी एक ठाउँमा उभियौं भने गणतन्त्र पक्षधर नेताहरूले सौँच्न बाध्य हुनेछन् ।’ उनले राप्रपाका अध्यक्ष राजेन्द्र लिङदेनलाई सम्बोधन गर्दै आन्दोलनको नेतृत्व लिन समेत आग्रह गरे ।

» बाँकी ३ पेजमा

# ‘पोखरा विमानस्थलमा नीतिगत भ्रष्टाचार र गुणस्तरहीन काम’

**प्रतिवेदनमा विमानस्थल निर्माणको लागत १४ अर्बबाट २२ अर्ब पुऱ्याउनेदेखि गुणस्तरहीन काम गर्ने, राजस्व छुट दिनेलगायतमाथि थप अनुसन्धान गरी कारबाही गर्नुपर्ने सिफारिस छ । २ अर्ब २२ करोड ४० लाख तत्काल असुल उपर गर्नुपर्ने उप-समितिको सुझाव छ ।**

**लुम्बिनी संवाददाता**
*बुटवल*

पोखरा विमानस्थलको ठेक्का प्रक्रियाको प्रारम्भमै भ्रष्टाचार भएको संसदीय छानवीन उप-समितिले निष्कर्ष निकालेको छ । उप-समितिले नीतिगत भ्रष्टाचार र गुणस्तरहीन काम भएको प्रतिवेदन संसदको सार्वजनिक लेखा समितिलाई प्रतिवेदन बुझाएको छ ।

सांसद राजेन्द्र लिङ्देन नेतृत्वको उप-समितिले विमानस्थल निर्माणमा भएको नीतिगत भ्रष्टाचार र गुणस्तरहीन कामबारे थप अनुसन्धान र कारबाही हुनुपर्ने सिफारिससहित सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेललाई प्रतिवेदन बुझाएको हो ।

प्रतिवेदनमा पोखरा विमानस्थल निर्माणको लागत बढाउनेदेखि गुणस्तरहीन काम गर्ने, राजस्व छुट दिनेलगायतमाथि थप अनुसन्धान गरी कारबाही गर्नुपर्ने सिफारिस छ ।

पोखरा विमानस्थल निर्माणमा भएका काम-कारबाहीमाथि खिलराज रेग्मी नेतृत्वको तत्कालीन चुनावी सरकारदेखि केपी ओली र शेरबहादुर देउवा सरकारको पालामा भएका निर्णयहरूमाथि प्रश्न उठेका छन् । तत्कालीन अर्थमन्त्रीहरू ज्ञानेन्द्रबहादुर कार्कीदेखि डा.युवराज खतिवडा अनि जनार्दन शर्मा समेत प्रश्नको घेरामा छन् ।

सार्वजनिक खरिद ऐन तथा प्रचलित मान्यता विपरीत भ्रष्टाचारलाई वैधता प्रदान गर्ने मनासायले ३ सदस्यीय कार्यदल गठन गरी लागत अंक वृद्धि गर्न नीतिगत निर्णय भएको अर्को निष्कर्ष छ ।

मुल सम्झौताको प्रावधान विपरीत कर छुट दिएर आर्थिक अनियमितता गर्ने मनसायबाट नयाँ कार्यान्वयन सम्झौता गरी पटक-पटक नेपाल नागरिक उड्डयन प्राधिकरण, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अर्थ मन्त्रालयले मास्टर लिस्टका आधारमा २ अर्ब २२ करोड ४० लाख आर्थिक अनियमितता गरेको संसदीय अध्ययनले देखाएको छ ।

महालेखा परीक्षकको ६०औं प्रतिवेदनले समेत असुल उपर गर्नुपर्ने बेरूजुको रूपमा राखेकोले २ अर्ब २२ करोड ४० लाख तत्काल असुल उपर गर्नुपर्ने उप-समितिको सुझाव छ ।

साथै कर छुट दिने सम्बन्धमा यसको औचित्य एवं सैद्धान्तिक आधार के कस्तो थियो भनि समितिले पत्राचार गर्दा समेत सो सम्बन्धमा अर्थ मन्त्रालयले कुनै जानकारी नदिएको भनेर उपसमितिले प्रतिवेदनमा लेखेको छ ।

उप-समितिले कुनै पनि राजनीतिज्ञ र उनीहरूले गरेका काम-कारबाहीको विश्लेषण नगरी नागरिक उड्डउन प्राधिकरणका नेतृत्वहरूमाथि प्रश्न उठाई प्रतिवेदन तयार गरेको छ । प्रतिवेदनमा प्राधिकरणका पूर्वमहानिर्देशकदेखि बहालवाला महानिर्देशकमाथि कारबाहीको सिफारिस छ ।

लेखा उपसमितिले इञ्जिनियरिङ प्रोक्युमेन्ट कन्स्ट्रक्सन (ईपीसी) मोडेलमा ठेक्का अगाडि बढाउने गरी काम अघि बढेकोमा खिलराज रेग्मी नेतृत्वको सरकारको पालामा भएको काम-कारबाहीमा प्रश्न उठाएको छ ।



त्यतिबेला नागरिक उड्डयन प्राधिकरणबाट सर्वोच्च अदालतका पूर्वरजिष्ट्रार डा. रामकृष्ण तिमिल्सेना संयोजकत्वमा समिति बनेको थियो, जसले विमानस्थल निर्माणको लागत १४ अर्बबाट २२ अर्ब पुऱ्याएको थियो ।

उप-समितिले रेग्मी सरकारको पालामा भएको कामलाई ‘गलत नियत र मनसायका साथ भ्रष्टाचारबाट अभिप्रेरित काम’ भनेको छ ।

**गैरकानुनी कर छुट**

चिनियाँ ठेकेदार कम्पनीले विमानस्थल निर्माणका क्रममा लाग्ने कर र राजस्व तिर्नुपर्ने सर्त राखी सम्झौता भएको थियो । पछि भने त्यसविपरीत विभिन्न सरकारको पालामा कर तथा राजस्व छुट दिने काम भयो ।

उप-समितिले २ अर्ब २२ करोड ४० लाख रुपैयाँ कर छुट दिने निर्णयको नियतमाथि प्रश्न उठाएको छ । उपसमितिले प्रतिवेदनमा भनेको छ-‘मूल सम्झौता विपरीत कार्यान्वयन सम्झौता गर्ने भनी कर छुट दिनु अनियमितता र नीतिगत भ्रष्टाचार हो ।’

उप-समितिले पोखरा विमानस्थल निर्माणका क्रममा विभिन्न अनियमितता भएको निष्कर्ष निकालेको छ । नाली बनाउँदा माटो काट्ने क्रममा, रनवेमा पर्याप्त मात्रामा माटो नबिछ्याइएको अनि उचाइ पनि तोकिएअनुसार नभएको भन्दै प्रश्न उठाएको छ ।

उप-समितिले छिनेडाँडाको उचाइ घटाउन नागरिक उड्डयन प्राधिकरणले गरेको खर्चलाई अनियमितता र भ्रष्टाचार भनेको छ । छिनेडाँडा काट्न ३२ करोड रुपैयाँ खर्च भएको थियो । ठेकेदार कम्पनीले गर्नुपर्ने काममा सरकारले खर्च गरेको भनी उप-समितिले प्रश्न उठाएको हो ।

**बास्कोटाको छुट्टै राय**

उप-समितिमा रहेका सांसद गोकुल बास्कोटाले प्रतिवेदनमा छुट्टै राय प्रस्तुत गरेका छन् । उनले १४५ मिलियन डलरको लागतलाई २१६ मिलियन बनाइएको भन्दै लागत बढाउनुको आधार र कारण खोजिनुपर्ने राय लेखेका छन् ।

साथै उनले के-कति आधारमा निर्माण नसकिँदै विमानस्थल उद्घाटन र सञ्चालन गरियो भनी प्रश्न गरेका छन् ।

उप-समितिले कर छुटलगायत सबै अनियमिततामा संलग्नलाई हदैसम्मको कानुनी कारबाही हुनुपर्ने औंल्याएको छ । उसले पदमा बहाल भएकाहरूलाई तत्काल निलम्बन गर्नुपर्ने भनेको छ । उसले फ्लाई प्रोसिड्यूर डिजाइन, कर छुट, विमानस्थलको सम्भाव्यतालगायतको विषयमा थप अध्ययन गरेर कारबाही हुनुपर्ने भनेको हो ।

विमानस्थल निर्माणको नीतिगत निर्णय र अनियमिततामा जोडिकाहरूलाई कारबाहीको सिफारिस गरेको उप-समितिले नागरिक उड्डयन प्राधिकरणका पदाधिकारीहरूको हकमा नाम नै उल्लेख गरेको छ ।

उप-समितिले प्राधिकरणका महानिर्देशक प्रदिप अधिकारीलाई निलम्बन गर्न सिफारिस गरेको छ अनि पूर्वपदाधिकारीहरूलाई कारबाहीको सिफारिस गरेको हो ।

## लुम्बिनीमा ९५ देशका १२ लाख ६४ हजार पर्यटक



**मोहम्मद हबिब**
*भैरहवा*

बुद्ध जन्मस्थल लुम्बिनीको मायादेवी मन्दिरमा एक वर्षको दौरानमा नेपालसहित ९५ देशका नागरिकले दर्शन गरेका छन् । स्थलमार्ग भई सबैभन्दा बढी पर्यटक आउने नाकाको रूपमा रहेको बेलहियाबाट अधिकांश तेस्रो मुलुकका पर्यटकहरू आएका हुन् भने गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल हुँदै पनि यहाँ विदेशी पर्यटकहरू आउने गरेका हुन् । कोभिडपछि वर्षेनी बुद्ध जन्मस्थल लुम्बिनीमा पर्यटक आवागमनमा वृद्धि हुँदै गएको छ । आन्तरिक पर्यटकले भरिभराउ हुने लुम्बिनीमा भारतीय र तेस्रो मुलुकका पर्यटकको आउने क्रम पनि बढ्दो रहेको पाइएको छ । पछिल्लो एक वर्षमा निकै उत्साहजनक रूपमा लुम्बिनीमा पर्यटक बढेका छन् ।

लुम्बिनी विकास कोषको सूचना शाखाका अनुसार सन् २०२४ को अप्रिलदेखि २०२५ मार्च सम्म नेपाली, भारतीय र अन्य मुलुकका गरी १२ लाख ६४ हजार १ सय ६३ जनाले लुम्बिनी भ्रमण गरेका छन् । सन् २०२३ मा ९ लाख ९८ हजार ९ सय ३८ जना पर्यटक मात्रै लुम्बिनी आएका थिए । यि तथ्याङ्कहरू मायादेवी मन्दिर प्रवेश गर्नेको मात्रै हो, जसमा रूपन्देही, कपिलवस्तु र पश्चिम नवलपरासीको आन्तरिक पर्यटकहरूको संख्या यसमा समावेश गरिएको छैन । लुम्बिनी आउने सबै पर्यटक मायादेवी मन्दिर प्रवेश नगरेका पनि हुन सक्छन् ।

सन् २०२३ तेस्रो मुलुकका ७६ हजार २ सय १० जनामात्रै पर्यटक मायादेवी मन्दिरको दर्शन गरेकोमा यस २०२४ मा विभिन्न ९५ देशका १ लाख ६ हजार ९८ जना र २०२५ को मार्चसम्म ४८ हजार ५ सय ८० जना तेस्रो मुलुकका पर्यटक लुम्बिनी आएका छन् । जसमध्ये ५ हजार ३ सय ५ जना विभिन्न देशबाट आएका भिभिआइपी, भिआइपी, देशमा प्रतिनिधि, विशिष्ठ भिक्षु समेत रहेका छन् । अहिले आउने विदेशी पर्यटकहरू सबैभन्दा बढी श्रीलंका र थाइलेण्डका रहेका छन्, त्यस्तै म्यानमार, चीन, साउथ कोरिया, भियतनामाका पर्यटकहरूले उल्लेखीय रूपमा मायादेवी मन्दिरको दर्शन गरेका छन् ।

गत वर्षको तुलनामा यो वर्ष लुम्बिनी भ्रमण गर्ने पर्यटकको संख्या उत्साहजनक रूपमा वृद्धि भएको कोषका सूचना तथा जनसम्पर्क अधिकृत डा. हरिध्वज राईले जानकारी दिए । उनले नेपाली, भारतीयसँगै सबैभन्दा बढी तेस्रो मुलुकका पर्यटकहरूको आवागमनमा वृद्धि भएको छ । विदेशीसँगै नेपाली पर्यटकरूको आगमन पनि लुम्बिनीमा उल्लेखनीय रूपमा बढ्दो छ ।

» बाँकी ३ पेजमा

हार्दिक बधाई



श्री घनश्याम पाठक
क्याम्पस प्रमुख

कालिका मानवज्ञान माध्यमिक विद्यालयका पूर्व प्रधानाध्यापक एवम् सल्लाहकार श्री घनश्याम पाठकज्यू नेपाल रिपब्लिक मिडियाको १७औं स्थापना दिवसको अवसरमा नागरिक नायक–२०८२ को उपाधिबाट सम्मानित हुनुभएकोमा हार्दिक बधाई सहित आगामी दिनमा अझैं उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

दिनेश थापा
प्रधानाध्यापक
एवम्
नित्यानन्द ज्ञवाली
अध्यक्ष

कालिका मानवज्ञान माध्यमिक विद्यालय परिवार
बुटवल, रुपन्देही

## सम्पादकीय

# अर्थतन्त्र लयमा हिंडाउने मौका

शिथिल अर्थतन्त्रलाई उकास्न कसरी सकिन्छ भनेर सरकारले पूर्व अर्थसचिव रामेश्वर खनालको नेतृत्वमा गठन गरेको उच्चस्तरीय आयोगले सरकारलाई प्रतिवेदन बुझाइसकेको छ। प्रतिवेदनमा आर्थिक सुधारको खाका प्रस्तुत गर्दै सरकारलाई तत्कालैदेखि दीर्घकालसम्म कार्यान्वयन गर्नुपर्ने दर्जनौं नीतिगत र कार्यक्रमगत सुझाव दिएको प्रतिवेदन कार्यान्वयनको प्रतीक्षा छ।

मुलुकमा बढ्दो निराशा हटाउन र आशा जगाउन आयोगको प्रतिवेदन कार्यान्वयन गर्न अपरिहार्य छ। आयोगले सरकारले तत्कालै कार्यान्वयन गर्नुपर्नेदेखि कतिपय कानुन खारेजी र नीतिगत परिवर्तनसम्मको प्रस्ताव गरिएको छ। एक दर्जन कानुनको खारेजी, एक दर्जनको संशोधन, सार्वजनिक निकायको संस्थागत क्षमता र सुशासन बढाउन, उदार नीतिनियम अघि सार्न, अत्यावश्यक पूर्वाधार निर्माणका कामलाई गति दिन पनि प्रतिवेदनले सुझाएको छ। खासगरी सहकारीको समस्या समाधानदेखि निजी क्षेत्रको मनोबल बढाएर लगानी प्रोत्साहन गर्ने विभिन्न उपायलाई आयोगले प्राथमिकता दिएको छ। सरकारले बेहोर्दै आएको आम्दानी थोरै र खर्च धेरैको असन्तुलनलाई सुधार्न राजस्व बढाउने तथा अनियन्त्रित खर्च रोक्ने उपाय पनि सुझावमा समेटिएकोले मुलुकलाई लयमा हिंडाउन प्रतिवेदन कामयावी हुने देखिन्छ। मुलुकको आर्थिक संकट समाधान गर्न कोसेढुंगा हुने विश्वास गरिएको प्रतिवेदन कार्यान्वयन गर्न चासो लिइन्छ कि लिइदैन् भन्ने प्रश्न अनुत्तरित छ। विगतमा पनि यस्ता आयोग बनेका र ती आयोगले प्रतिवेदन तयार गरेका थिए। तर कार्यान्वयनको पहलकदमी लिइएन्। विगतको अनुभवको आधारमा अहिले पनि प्रतिवेदन कार्यान्वयन हुने आशंका छ, तर प्रतिवेदन कार्यान्वयनतिर नजाने हो भने मुलुकको अर्थतन्त्रले लय समात्ने संभावना न्यून छ, अर्थतन्त्र झनै समस्यामा जाने जोखिम त छँदैछ, मुलुकको शासन प्रणाली पनि कमजोर हुँदै जाने र अराजकता बढ्ने सम्भावना पनि उत्तिकै छ।

सार्वजनिक खर्चलाई उत्तरदायी तथा परिणाममुखी बनाउने उपाय सुझाउन आर्थिक वर्ष २०७५/०७६ को बजेटमार्फत् घोषणा गरी अर्थशास्त्री डा.डिल्लीराज खनालको नेतृत्वमा आयोग गठन गरिएको थियो। आयोगले सार्वजनिक खर्च प्रणालीमा गरिनुपर्ने अनेकौं सुधार र पुनःसंरचनाका खाकासहित २०७५ फागुनमा सरकारलाई प्रतिवेदन बुझाएको थियो। सरकारले इमानदारीपूर्वक प्रतिवेदन कार्यान्वयन गरेको भए सार्वजनिक खर्चमा देखिएका बेथितिमा सुधार हुने थियो। तीन वर्षसम्म प्रतिवेदन नै सार्वजनिक गरिएन। २०७९ जेठमा प्रतिवेदन सार्वजनिक गरियो, तर कार्यान्वयन भएन। प्रतिवेदनले फजुल खर्च नियन्त्रणका लागि संघीय मन्त्रालयलाई २१ बाट घटाएर १६ बनाउन, कतिपय विभाग खारेजीसहित कर्मचारी कटौती गर्न र दर्जनौं सार्वजनिक संस्था खारेजीमा लैजान सुझाव दिएको थियो। आयोगको प्रतिवेदनले अनावश्यक बोझिला संरचना हटाउँदा ५० हजारसम्म निजामती कर्मचारी घटाउन सकिने अनुमान गरेको थियो। संघमा बढीमा ३५ हजार, प्रदेशमा २० हजार र स्थानीय तहमा ४० हजार गरी ९५ हजार निजामती कर्मचारी राख्न सुझाव दिएको प्रतिवेदन कार्यान्वयन गर्न बाधक को बन्यो ? अहिले एक लाख ३८ हजार १६८ कर्मचारीको दरबन्दी छ। यसअघि पनि धेरै आयोग बने, अनावश्यक संरचना कटौतीदेखि फजुल खर्च कटौती गर्न प्रतिवेदन तयार भए। तर कार्यान्वयन भएनन्।

खनाल आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने राम्रो मौका हो यो। प्रतिवेदन कार्यान्वयनले मुलुकको अर्थतन्त्रलाई लयमा लैजान्छ। अर्थतन्त्र लयमा हिंड्ने बित्तिकै निराशा र असन्तुष्टि हराउँदै समाजमा आशा र विश्वास जाग्छ।

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट



काठमाडौं। नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सोमबार दोहोरो अङ्कको गिरावट देखिएको छ। नेप्से परिसूचक १४ दशमलव ५३ अङ्कले घटेर दुई हजार ६४७ दशमलव ७ विन्दुमा कायम भएको हो।

३२७ कम्पनीको दुई करोड ३६ लाख ८९ हजार ७१ कित्ता शेयर ७६ हजार ९९८ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ९१ करोड २८ लाख ४३ हजार बराबरको कारोबार भएको छ।

कारोबारमा वित्त समूह एक दशमलव ४० र व्यापार समूह शून्य दशमलव ४२ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धेरै लगानी समूहको उपसूचक दुई दशमलव १४ प्रतिशतले घटेको हो।

# के हो नेपाली अर्थतन्त्रको प्रमुख कमजोरी ?



डा. होमनाथ गैरे

यही चैत ११ गते विश्व बैंकले प्रकाशित गरेको एक प्रतिवेदनमा विगत दुई दशकमा नेपालले चरम गरिबी लगभग निवारण गरेर गरिबी न्यूनीकरणमा उल्लेखनीय सफलता हासिल गरेको उल्लेख छ।

उक्त सफलतामा आन्तरिक उत्पादन, उत्पादकत्व र रोजगारीभन्दा पनि विदेशमा काम गर्ने नागरिकले पठाएको विप्रेषण (रेमिटेन्स) को ठूलो भूमिका रहेको विश्व बैंकको ठहर छ।

प्रतिवेदनमा सुदृढ आर्थिक वृद्धि हासिल गर्न नेपालले आन्तरिक अवसरहरू खुला गर्ने नीतिगत कदममा प्राथमिकता दिनुपर्ने सुझाब दिइएको छ।

केही दशक अघिसम्म समान हैसियतमा रहेका छिमेकी मुलुकसँगको तुलनामा गरिबी निवारणमा प्रगतिका बाबजुद नेपालको आर्थिक वृद्धि न्यून रहेको कुरा पनि विश्व बैंकले उठाएको छ।

सन् १९९६ देखि सन् २०२३ को अवधिमा नेपालको अर्थतन्त्र वार्षिक औसत ४.२ प्रतिशतले मात्र वृद्धि भयो। यो वृद्धि दक्षिण एसियाका आठ वटा राष्ट्रमध्ये पछाडिबाट तेस्रोमा पर्छ।

यसअघिका अन्य प्रतिवेदनहरूमा जस्तै यसपालि पनि न्यून आर्थिक वृद्धिको कारक निर्यातमा गिरावट, औद्योगिक क्षेत्रको गतिहीनता, न्यून उत्पादकत्व र गैरकृषि क्षेत्रमा रोजगारी गिरावट मानिएको छ।

लेखिएको छ - आन्तरिक रोजगारीको अवसर सीमित हुँदा युवा श्रमिकहरू वैदेशिक रोजगारीमा जान बाध्य छन्।

वैदेशिक रोजगारीका कारणले गरिबी न्यूनीकरणमा नेपालको सफलता राम्रो भए पनि मुलुकमा व्याप्त आर्थिक सम्भावना सन्तुलित रूपमा उपयोग हुन सकेको छैन। यो सबैले स्वीकार गरेकै तथ्य हो।

यसैलाई आधार मानेर विश्व बैंकले प्रतिवेदनमा उच्च आर्थिक वृद्धि हासिल गर्न आप्रवासनको प्रतिफल वृद्धि गर्ने, निर्यात बढाउने, जलविद्युत्को कुशलतापूर्ण उपयोग गर्ने र डिजिटल अर्थतन्त्र प्रवर्धन गर्ने जस्ता सुझाब दिएको छ।

विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोषलगायत विकास साझेदार र विकासे संस्थाहरूको सुझाब र सहयोगमा धेरै क्षेत्रहरूको सुधारका लागि अर्बौं डलरका परियोजना र रणनीतिहरू कार्यान्वयन भएका छन्। कतिपयमा नतिजा राम्रै आए पनि केहीको लगानी बालुवामा पानी जस्तै भएको छ।

नेपाली अर्थतन्त्रको प्रमुख कमजोरी वा न्यून आर्थिक वृद्धिको खास कारक छ। त्यो हो अर्थतन्त्रका विभिन्न क्षेत्र तथा उपक्षेत्र, अवयवहरू वा आर्थिक सरोकारवाला (इकोनोमिक एजेन्ट) हरूलाई सूत्रबद्ध गर्ने माखेसाङ्लो।

यो कारक यस्ता अध्ययन प्रतिवेदन वा नीतिगत बहसको प्राथमिकतामा पर्ने गरेको छैन। त्यस्तो माखेसाङ्लो भनेको अर्थशास्त्रमा आपूर्ति शृंखला र मूल्य शृंखला हो। नेपालको सन्दर्भमा त्यस्तो माखेसाङ्लो अत्यन्तै कमजोर, अविश्वसनीय र संकटापन्न छ। यस कारण आन्तरिक आर्थिक सम्भाव्यता यथोचित रूपमा परिचालन हुन सकेको छैन।

परिणाम स्वरूप वाञ्छित दरमा आर्थिक वृद्धि हासिल गर्न सकिएको छैन।

गरिबी निवारण र समृद्धिको महत्त्वाकांक्षी लक्ष्य विप्रेषणमा निर्भर छ। यही कारणले हो समद्धिको दिगोपन र विकासको उत्थानशीलतामा प्रश्न उठ्ने गरेको।

यसपालिको विश्व बैंकको प्रतिवेदनले औंल्याएको जोखिम पनि यही हो।

**किन यस्तो भएको छ त ?**

यो विषयले निकै गहन बहस माग गर्छ। यस आलेखमा मुख्य केही बुँदा प्रस्तुत गर्ने प्रयास गरेको छु।

अधिकांश नीतिगत सुधार वा क्षेत्रगत विषयमा एकांकी रूपमा तत्तत् क्षेत्र हेरेर नीति तथा योजना तर्जुमा हुन्छ, सोही अनुरूप रणनीति र कार्यनीति तर्जुमा हुन्छ। परियोजना वा सुधारका कार्यक्रम पनि त्यसैअनुसार सञ्चालन हुने गरेको छ।

दिगो आर्थिक वृद्धि र समृद्धिका लागि संवाहक वा आपूर्ति शृंखलाको सहयोगी अवयवका रूपमा विकास गर्नुपर्ने सडकलगायतका भौतिक पूर्वाधार नै विकासको अन्तिम उपलब्धि मानियो। मूल्य शृंखलाका अन्य महत्त्वपूर्ण अवयवहरू प्राथमिकतामा परेनन्।

यसको सबभन्दा बलियो सूचक ग्रामीण क्षेत्रमा विकास हुँदै गएका चिल्ला सडक, रित्तिँदै गएका गाउँबस्ती र बाँझो बन्दै गएको उर्वर खेतीयोग्य जमिन हो।

आर्थिक समृद्धि, नीतिगत सुधार र गरिबी निवारणका कार्यक्रम तथा योजनाहरू एकअर्काका परिपूरक भएर आन्तरिक अर्थतन्त्र र मूल्य शृंखला सबलीकरणका लागि बलियो प्रणाली तयार गर्न केन्द्रित हुनुपर्छ।

नेपालमा भने कुनै एक क्षेत्र वा उद्योग अर्काको प्रतिस्थापक बन्ने गरी वा मूल्य शृंखलाका अवयवहरू नै ध्वस्त हुनेगरी अगाडि बढाउने गरिएको छ। यसबाट एउटा क्षेत्रमा सुधार वा विस्तार हुँदा राम्ररी फस्टाएको अर्को क्षेत्र वा उद्योग सखाप हुने अवस्था सिर्जना भयो।

यस्तो अवस्था दिगो र समावेशी आर्थिक वृद्धिका लागि सबैभन्दा बढी प्रत्युत्पादक भयो। वैदेशिक रोजगारी र विप्रेषण फस्टाउँदा आन्तरिक उत्पादनको मेरूदण्डका रूपमा रहेको कृषि क्षेत्र धराशायी हुनु र उर्वर जमिन बाँझो हुँदै जानु यसको बलियो उदाहरण हो।

वित्तीय क्षेत्र फस्टाउँदा उत्पादन तथा प्रशोधनमूलक औद्योगिक क्षेत्रमा मन्दी छाउनु वा जलविद्युतका आयोजनाहरू थपिँदै जाँदा पर्यटन क्षेत्रमा निराशा मडारिनु त्यस्तै अन्य उहाहरण हुन्।

विभिन्न स्वार्थ समूहको प्रभावमा नीतिगत परिवर्तन हुनुले प्रचलित मूल्य शृंखलाहरूको प्रणाली भत्किँदै गयो। नयाँ व्यवस्था वा निर्णयले अपेक्षित प्रतिफल दिन सकेन।

आन्तरिक अर्थतन्त्र सुदृढ हुन नसक्नुको कारण यही हो।

सँगै जोडिएर आउने अर्को विषय हो सरकारी निर्णयको निरन्तरता भंग।

एक दलको सरकारले वा उसले नियुक्त गरेको पदाधिकारीले गरेको निर्णय राम्रै भए पनि अर्को दलको सरकार वा उसको प्रतिनिधिले कार्यान्वयन गर्दैन। बरू उल्टाइदिन्छ।

यस्तो प्रवृत्तिले आन्तरिक बजारमा लगानीको वातावरण बिगार्न र निजी क्षेत्रलाई राजनीतिक दल वा स्वार्थ केन्द्रमा आबद्ध भएर नीतिगत भ्रष्टाचारमार्फत् क्षणिक लाभका लिन प्रेरित गर्छ। यसबाट बजार प्रणालीको मेरूदण्ड आपूर्ति तथा मूल्य शृंखला ध्वस्त हुन्छ। नेपालमा यस्ता धेरै उदाहरण छन्।

ठूला भौतिक पूर्वाधारको विकासले आपूर्ति शृंखला बलियो र उत्थानशील बनाएर मूल्य शृंखला विस्तार तथा सबलीकरणमा सकारात्मक प्रभाव पार्ने मान्यता छ। त्यस्ता पूर्वाधारको विकासले मूल्य शृंखलाका महत्त्वपूर्ण अवयवहरू (उत्पादन, प्रशोधन, वितरण, बजारीकरण र उपभोग) विभिन्न चरणमा वस्तु तथा सेवाको मूल्य अभिवृद्धि गर्न वा लागत कम गर्न सहयोगी हुन्छन्।

यसबाट भौतिक पूर्वाधारको प्रभाव प्रत्यक्ष देखिन्छ।

त्यस्ता आपूर्ति शृंखला सुधारका पूर्वाधारमा लगानी बढाउँदा मूल्य शृंखला सबलीकरण गर्न र उत्पादक तथा उपभोक्तालाई जोड्ने माखेसाङ्लो जोगाइराख्न आवश्यक पर्ने ससाना लगानी वा संरक्षणका उपायहरू बेवास्ता गरेको पाइन्छ।

सडक, पुल तथा विद्युत आयोजनाका पूर्वाधार बनाउँदा रैथाने कुला, खानेपानीका पँधेरा, खेतबारी र चरन जोड्ने गोरेटाहरू मासिनु र न्यून आय भएका सीमान्तकृत समुदायको जीवनयापनका माखेसाङ्लाहरू क्षतविक्षत हुनु त्यस्तै बेवास्ताको ज्वलन्त उदाहरण हो।

त्यस्ता माखेसाङ्लाको पुनर्निर्माण वा वैकल्पिक व्यवस्थापनमा भने लगानी भएको हुँदैन।

यसरी हेर्दा नेपालको आर्थिक वृद्धि न्यून हुनु तथा आन्तरिक अर्थतन्त्र कमजोर हुनुमा नीतिगत र कार्यान्वयनगत दुवै तहमा कमजोरी देखिन्छ।

सूचना तथा सञ्चार प्रविधिले विश्व बजार साँघुरो बन्दै गएको छ। उपभोक्तावाद मौलाएको छ र विश्व बजारमा आममानिसको पहुँच बढ्दै छ। मानिसमा अन्तर्राष्ट्रिय स्तरको जीवनयापन गर्ने महत्त्वाकांक्षा पनि बढ्दै छ।

नेपालमा क्षेत्रगत मन्त्रालय, निकाय वा सरोकारवालाहरूले आफ्नो क्षेत्र बाहेक अन्यलाई बेवास्ता गर्ने प्रवृत्ति छ। स्वार्थ समूहको प्रभावमा नीतिगत अस्थिरता चलिरहन्छ।

सामाजिक सञ्जालहरूबाट मानिसमा निराशा फैलाउने काम भएको छ। क्रोनी क्यापिटलिजम (आसेपासे पुँजीवाद) मा रमाएर निजी क्षेत्रले आफ्नो विशेषता बिर्सेको छ।

यस्तो अवस्थाले विकास र समृद्धिको बाटोमा गम्भीर असर पारेको छ।

यस्तो अवस्था निराकरण गरी दिगो र समावेशी विकासको मार्गमा अघि बढ्न सबैले आआफ्नो स्थानबाट सुधारको प्रयासमा गर्नु आवश्यक भएको छ। चिन्तनको चरणबाटै सुधार हुनुपर्ने भएको छ।

दिगो वृद्धिको आधार समावेशी स्थानीय आर्थिक विकास नेपालको संघीय संरचनाले प्रदेश र स्थानीय तहका सरकारलाई अधिकार सम्पन्न र सशक्त बनाएको छ।

संविधानले प्रदेश र स्थानीय तहमा आर्थिक तथा सामाजिक विकासका योजना बनाउँदा स्थानीय परिवेश र आमनागरिकको आवश्यकताअनुसार समायोजन गर्न सक्ने अधिकार दिएको छ।

नेपालको विविधतायुक्त भूबनोटका कारण सबै प्रदेशका तुलनात्मक लाभका क्षेत्र सहजै पहिचान हुने खालका छन्।

गण्डकी प्रदेशमा पर्यटन, कृषि, जलस्रोत र साना उद्योगहरूको प्रचुर सम्भावना छ। कोशी प्रदेशमा उत्पादनमूलक तथा कृषि प्रशोधन उद्योग, सेवा तथा पर्यटन उद्योग र जलस्रोतको व्यावसायिक सम्भावना छ।

सबै प्रदेशका आआफ्ना बलिया सम्भावना छन्। प्रदेशमा विद्यमान सम्भावनाहरूको समुचित उपयोग गर्दै स्थानीय विकास दिगो बनाउन प्रदेश र स्थानीय सरकारको महत्त्वपूर्ण भूमिका हुन्छ।

भौतिक विकास र वातावरणको सन्तुलनबाट मात्र दिगो विकास सम्भव हुन्छ।

यस दिशामा काम गर्न संविधानले प्रदेश र स्थानीय तहलाई अधिकार दिएको छ। अधिकारसँगै कर्तव्य र दायित्वको दायरामा बसेर आआफ्ना क्षेत्रमा विकासका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ।

यसबाट स्थानीय आवश्यकता अनुसार विकास कार्यक्रम लागू गर्न, जनताको सहभागिता बढाउन र वर्तमान शासन व्यवस्थाप्रति जनविश्वास वृद्धि गर्न मद्दत पुग्छ।

सुदृढ अर्थतन्त्र र दिगो वृद्धिका लागि संघीय शासन व्यवस्थाको सन्दर्भमा 'समावेशी स्थानीय आर्थिक विकास (आइएलइडी)' को मोडल प्रदेश र स्थानीय सरकारमार्फत प्रवर्द्धन गर्न आवश्यक छ।

स्थानीय स्रोत, सीप र अवसर परिचालन गर्दै प्रकृतिमा आधारित उपायहरू अवलम्बन गरी दिगो तथा समावेशी आर्थिक वृद्धि प्रवर्धन गर्ने प्रक्रिया नै 'समावेशी स्थानीय आर्थिक विकास' हो।

यसले स्थानीय उत्पादन बढाउँछ, रोजगारी सिर्जना गर्छ, उद्यमशीलता सशक्त बनाउँछ र थप राजस्व परिचालनमा योगदान गर्छ।

यो अवधारणामा स्थानीय सरकार, निजी क्षेत्र, सामुदायिक समूह र सहकारी संस्थाहरूको सहभागिता तथा अपनत्व आवश्यक हुन्छ। यो अवधारणा समावेशी विकास, नवप्रवर्तन र पर्यावरणीय दिगोपनमा केन्द्रित छ।

नेपालको संविधानले प्रदेश र स्थानीय तहलाई विभिन्न दायित्व दिएको छ। ती दायित्व केन्द्र, प्रदेश र स्थानीय तहबीचको शक्ति विभाजनको आधारमा तोकिएका छन्।

त्यस्ता दायित्व निर्वाह गर्न प्रदेश र स्थानीय तहको आवश्यकता, सम्भाव्यता र औचित्यको आधारमा योजना र रणनीति बनाउनुपर्छ।

सीमान्तकृत र न्यून आय भएका समुदायको आर्थिक-सामाजिक उत्थानका लागि स्थानीय साधनस्रोतको समुचित उपयोग गर्नुपर्छ। निजी क्षेत्र र समुदायसँगको सहकार्यमा कार्यक्रम चलाउनुपर्छ।

संविधानको मर्म अनुसार समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्त आत्मसात गरी अनुसूचीले व्यवस्था गरेका अधिकार विवेकसम्मत प्रयोग गर्नुपर्छ।

यसरी काम गर्न सके आपूर्ति शृंखला र मूल्य शृंखलामा खलबलिएका वा टुटेका माखेसाङ्ला जोड्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन सकिन्छ। यसबाट मुलुकमा दिगो तथा उत्थानशील आर्थिक वृद्धि हासिल हुन सक्छ।

गण्डकी प्रदेशको सन्दर्भमा मुख्यतः पर्यटन, कृषि, जलविद्युत् सूचना प्रविधि र लघुउद्यम प्रवर्धनबाट स्थानीय आर्थिक विकास सुदृढ बनाउन सकिन्छ।

यसबाट मुलुकको दिगो आर्थिक वृद्धिको लक्ष्य प्राप्तिमा योगदान पुग्छ। तीनै तहका सरकारको समन्वय तथा सहकार्यमा आपूर्ति शृंखला र मूल्य शृंखला सबल बनाउन सकिन्छ।

यस निम्ति निम्नानुसार सुधारात्मक उपाय अवलम्बन गर्न सकिन्छ।

**नीतिगत सुधार र समन्वय**

गण्डकी प्रदेशका अधिकांश क्षेत्रहरू ग्रामीण कृषि, पर्यटन र स्थानीय कच्चा पदार्थमा निर्भर उत्पादन तथा प्रशोधन उद्यममा आधारित छन्। त्यस्ता क्षेत्रको विकासका लागि स्थानीय स्रोत र क्षमता पहिचान गर्नुपर्छ। त्यस अनुसार नीति र योजनामा स्थानीय समुदायको सशक्तीकरण, रोजगारी सिर्जना तथा उद्यमशीलता प्रवर्द्धनमा जोड दिनुपर्छ।

तीनै तहका सरकारको समन्वय र सहकार्यमा व्यावसायिक वातावरण सुधार, पूर्वाधार विकास, उद्यम प्रवर्द्धन र सामाजिक समावेशितामा प्राथमिकता दिनुपर्छ।

प्रदेशको विशेषता अनुरूप पर्यटन नीति, जैविक कृषि प्रवर्द्धन नीति, सूचना प्रविधिमा आधारित डिजिटल अर्थतन्त्र तथा उद्योग प्रवर्द्धन नीति र योजना तर्जुमा गर्नुपर्छ।

योजना कार्यान्वयनका लागि तत्तत् स्थानको विशेषता अनुसार स्थानीय सरकारहरूबीच समन्वय गर्नुपर्छ, सहकार्य गर्नुपर्छ।

**पूर्वाधार विकास**

गण्डकी प्रदेशका पहाडी र दुर्गम भेगमा यातायात तथा सञ्चार पूर्वाधारको अवस्था कमजोर छ। यसमा सुधार गर्न प्रदेश र स्थानीय सरकारले सडक, झोलुंगे पुल, हवाई सम्पर्क विस्तार, डिजिटल पूर्वाधार निर्माणलगायतमा प्राथमिकता दिनुपर्छ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालनले पर्यटन र यससँग जोडिएका स्थानीय मूल्य शृंखलाको प्रवर्धन गर्न सक्नेछ।

**रोजगारी सिर्जना र उद्यम प्रवर्धन**

गण्डकी प्रदेशले दक्ष युवा जनशक्तिको अभाव झेलिरहेको छ। मर्यादित रोजगारी सिर्जना पनि चुनौतीका रूपमा छ।

सीपमूलक तालिम कार्यक्रम, स्वरोजगारी योजना र महिला उद्यमशीलता प्रवर्धन गर्न स्थानीय सरकारका कार्यक्रमहरू थप प्रभावकारी र नतिजामूलक बनाउन आवश्यक छ।

यसबाट कृषिमा आधारित उद्योग, हस्तकला, तथा पर्यटन व्यवसाय सूचना प्रविधिसँग आबद्ध गर्दै मर्यादित रोजगारी सिर्जना गर्न सकिन्छ। यसो हुन सके युवा जनशक्ति स्थानीय बजारमा आकर्षित हुन्छ, रोजगारीका लागि विदेश भासिनु पर्दैन।

**सहकारी र निजी क्षेत्रसँग सहकार्य**

गण्डकी प्रदेशमा सहकारी संस्थाहरूको योगदान उच्च छ। स्थानीय सरकारले सहकारी संस्थाहरूसँग उत्पादन वृद्धि, बजारीकरण र वित्तीय पहुँच सुधारका निम्ति सहकार्य गर्नुपर्छ।

निजी क्षेत्रलाई कृषि, पर्यटन, तथा जलविद्युत् क्षेत्रमा लगानी गर्न उत्प्रेरित गर्नुपर्छ।

**कृषि तथा पर्यटन प्रवर्द्धन**

गण्डकी प्रदेशमा कृषि तथा पर्यटनको अपार सम्भावना छ। प्रदेश सरकारले उच्च मूल्ययुक्त जैविक कृषि उत्पादन प्रवर्द्धन गर्दै बजारीकरणका लागि सहजीकरण गर्नुपर्छ।

पोखरा 'पर्यटन राजधानी' घोषणा भएको छ। प्रदेशका नौ जिल्लामा ग्रामीण पर्यटन, साहसिक पर्यटन, आरोग्य पर्यटन र साँस्कृतिक पर्यटन विस्तार र प्रवर्धन गर्नुपर्छ।

सूचना प्रविधि र अनुसन्धान पर्यटन प्रवर्धन गर्न प्रदेश र स्थानीय सरकारले विशेष कार्यक्रम ल्याउनुपर्छ।

**दिगो वातावरण र जलवायु अनुकूलन**

गण्डकी प्रदेशको प्राकृतिक सौन्दर्य पर्यटनका लागि अनुपम सम्पदा हो।

अब जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न हरित प्रविधिक प्रयोग र विस्तार गर्नुपर्छ। वृक्षारोपण गर्नुपर्छ। नवीकरणीय ऊर्जा तथा वृत्ताकार अर्थतन्त्र प्रवर्धनमा स्थानीय र प्रदेश सरकार सक्रिय रहनुपर्छ।

प्रदेश सरकारले जलविद्युत् र सौर्य ऊर्जा प्रवर्धनमा लगानी बढाउनुपर्छ। स्थानीय सरकारले हरित तथा वृत्ताकार अर्थतन्त्रमा ध्यान दिनुपर्छ।

**समावेशिताको सुनिश्चितता**

गण्डकी प्रदेशमा विभिन्न जातीय तथा सांस्कृतिक समुदायको बसोबास छ। समावेशी आर्थिक विकासले सबै समुदायको समान सहभागिता सुनिश्चित गर्नुपर्छ।

महिला, दलित, जनजाति, तथा सीमान्तकृत समुदायमा लक्षित नीति तथा कार्यक्रममार्फत् आर्थिक गतिविधिमा उनीहरूको सहभागिता बढाउनुपर्छ।

सेतोपाटीबाट

# ५० शैयाको भालुवाङ अस्पताल उद्घाटन

दाङ । दाङको भालुवाङमा निर्माण गरिएको ५० शैयाको अस्पतालको उद्घाटन गरिएको छ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सोमबार भालुवाङ अस्पतालको उद्घाटन गरेका हुन् ।

यसअघि उपस्वास्थ्य चौकीलाई स्वास्थ्य चौकी बनाइएको थियो भने अहिले प्रस्तावित ५० शयूयाको अस्पतालमा स्तरोन्नति गरिएको हो । २०७८ सालमा प्रस्तावित अस्पतालको रुपमा स्वीकृत भइसकेको अस्पतालमा अहिले विशेषज्ञ सेवा विस्तार गरिएको हो ।

अस्पतालको रुपमा मान्यता पाएपछि सोमबार मुख्यमन्त्री आचार्यले उद्घाटन गरेका हुन् ।

अस्पतालको उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले प्रदेश सरकारले विशिष्टीकृत अस्पतालको रुपमा संचालन गर्ने गरी योजना अगाडि बढाएको बताए ।

मुख्यमन्त्री आचार्यले जनशक्तिको व्यवस्थापन सरकारले गर्ने र गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चितताको जिम्मेवारी अस्पतालले लिने जनाए ।

दाङ, अर्घाखाँची, प्यूठान, रोल्पालगायतका केही पालिकाहरुलाई पायक पर्ने स्थानमा अस्पताल निर्माण गरिएको र ती क्षेत्रका नागरिकले उपचार पाउने भरपर्दो अस्पतालको रुपमा सञ्चालन गर्नुपर्ने उनले बताए ।

मुख्यमन्त्री आचार्यले प्रदेश सरकार मातहत रहेका अस्पतालहरुबाट विशेषज्ञसहितको उपचार सेवा पुऱ्याउने गरी अस्पतालरुलाई पूर्वाधार र जनशक्ति व्यवस्थापनमा सरकारले योजना बनाइरहेको जानकारी दिए ।

'भौतिक पूर्वाधार भएर मात्र हुँदैन, बिरामीलाई विशेषज्ञसहितको भरपर्दो उपचार सेवा पुऱ्याउने त्यहिअनुसारको जनशक्ति र उपकरण आवश्यक पर्छ । सरकार यी सबैको व्यवस्थापन गर्ने गरी अगाडि बढेको छ ।'- मुख्यमन्त्री आचार्यले भने ।

उनले नयाँ विशेषज्ञ जनशक्ति आवश्यक भए पनि खोलिएका विज्ञापनमा भने खोजेजस्तो आवेदन नआएको बताए ।

उनले दुर्गम क्षेत्रका अस्पतालहरुमा विशेषज्ञ डाक्टरको अभाव देखिएकोले सुगम क्षेत्रमा थुप्रिएका विशेषज्ञ डाक्टरहरुलाई अन्य स्थानमा पठाउने समेत जनाए ।

'सुगम क्षेत्रका अस्पतालमा विशेषज्ञ जनशक्ति थुप्रिने गरेको छ तर, विकट र दुर्गम मानिएका क्षेत्रमा जनशक्ति जान चाहँदैन । सरकारले यस्ता समस्यालाई गम्भीर रुपमा लिएर सुधारका लागि पहल गर्छ ।'-उनले भने ।

लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री खेमबहादुर सारुले सबै नागरिकको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न जरुरी रहेको बताए । प्रदेश सरकारले सुशासन, पारदर्शिता र भ्रष्टाचार निवारणमा ध्यान दिँदै गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन प्रतिबद्ध रहेको जनाए ।

कार्यक्रममा राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश विष्टले यसअघि विशेषज्ञ सेवा लिन अन्यत्र जानुपर्ने बाध्यता रहेकोमा अब भने घरआँगनमै सेवा लिन पाइने भन्दै खुसी व्यक्त गरे ।

अस्पतालका निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट डाक्टर आकाश बेल्वासेले अस्पतालमा जटिल प्रसूति सेवाअन्तर्गत शल्यक्रिया गरिँदै आएको जानकारी दिए । बेल्बासेका अनुसार हालसम्म शल्यक्रियामार्फत् ५१ जनाले प्रसूति सेवा लिएका छन् ।

शल्यक्रिया सेवा विस्तार भएपछि अस्पतालमा रक्त सञ्चार केन्द्र आवश्यक रहेको उनले बताए । शिक्षामा लगानी गर्न प्रशस्था बजेट भएको बताए । आफू प्रधानमन्त्री हुँदा शिक्षामा कुल बजेटको १६ प्रतिशत लगानी गरेको भन्दै उनले त्यसपछिको कुनै पनि सरकारले त्यति बजेट शिक्षा क्षेत्रका लागि नछुट्याएको दाबी गरे ।

# नेकपा एस बुटवलमा गुरूङ

बुटवल । एकीकृत समाजवादी बुटवल उप-महानगरको अध्यक्षमा चीनबहादुर गुरूङ सर्वसम्मत निर्वाचित भएका छन् । शनिबार अबेर सकिएको निर्वाचनमा गुरूङ पुनः दोस्रो कार्यकालका लागि अध्यक्षमा निर्वाचित भएका हुन् ।

अधिवेशनबाट उपाध्यक्षमा इन्द्र राई, सचिवमा भीमबहादुर क्षेत्री, उपसचिवद्वयमा शेरजंग गुरूङ (ईश्वर) र शिवकुमारी पाण्डेय बस्यालसहित ३१ सदस्यीय कमिटी सर्वसम्मत चयन गरिएको निर्वाचन समितिले जनाएको छ ।



निर्वाचितहरूलाई एकीकृत समाजवादीका केन्द्रीय सचिव पूर्वमन्त्री सोमप्रसाद पाण्डेयले शुभकामना दिँदै समाजवादी आन्दोलनमा डटेर लाग्न आग्रह गरे ।

उक्त अवसरमा केन्द्रीय सदस्य भगवती अधिकारी, प्रदेश सदस्य कमल भण्डारी, राजेन्द्र पाण्डे, जिल्ला अध्यक्ष हिराध्वज शाहलगायतको उपस्थिति थियो ।

# हुप्सेकोटका ५६ बालिकालाई रु पाँच हजारसहितको बैंक खाता उपहार

मध्यविन्दु (नवलपरासी) । नवलपरासी (बर्दघाट सुस्तापूर्व)को हुप्सेकोट गाउँपालिकाले ५६ जना बालिकाहरुलाई रु पाँच हजारसहितको बैंक खाता उपहार दिएको छ ।

'हाम्रो छोरीको सुनौलो भविष्य' कार्यक्रममार्फत् चालु आर्थिक वर्षमा गाउँपालिकाभित्र जन्मिएका ५६ जना छोरीहरूको बैंक खातामा उक्त रकम जम्मा गरिएको हो । हुप्सेकोट गाउँपालिकामा स्थायी बसोबास गरेका दम्पतीले छोरी जन्मिएर वडा कार्यालयमा जन्म दर्ता गराएपछि छोरीको नाममा खोलिने बैंक खातामा गाउँपालिकाले नगद उक्त रकम जम्मा गरिदिने गरेको हुप्सेकोट गाउँपालिका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताइन् ।

"चालु आर्थिक वर्षको चैत मसान्तसम्म जन्मिएका ५६ जना छोरीहरुको बैंक खातामा रुपाँच हजारका दरले रु दुई लाख ८० हजार निकासा भइसकेको छ", उनले भनिन्-"छोरीको बैंक खातामा अभिभावकलाईसमेत कम्तीमा रु पाँच हजार जम्मा गर्न आग्रह गर्ने गरेका छौं ।"

छोरीको नाममा बैंक खातामा जम्मा भएको रकम उच्च शिक्षा अध्ययनका बेला उपयोग हुने अपेक्षासहित बचत गर्ने बानीको विकास उक्त कार्यक्रम सञ्चालन गरिएको अध्यक्ष पाण्डेले जनाइन् । "यसरी बैंकमा जम्मा हुने रकमले छोरीको सुनौलो भविष्यका लागि बचत गर्ने बानीको विकास हुनुका साथै अध्ययन तथा अन्य कार्यका लागि छोरीलाई सक्षम बनाउन प्रोत्साहन हुने अपेक्षा रहेको छ", उनले भनिन्-"छोरी जन्मदा खुसी नहुने समाजमा छोरीप्रति सम्मान र आत्मनिर्भरताको विकास गर्नुका साथै भ्रूण हत्या रोक्नका लागि पनि यो अभियान सुरु गरिएको हो ।"

हुप्सेकोट गाउँपालिकाले आव २०७७/०७८ देखि यो कार्यक्रम सुरु गरेको हो । उक्त कार्यक्रममार्फत् हालसम्म ३१२ जना छोरी लाभान्वित भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद पराजुलीले बताए ।

"आव २०७७/७८ मा ३८ जना, २०७८/७९ मा ५९ जना, २०७९/८० मा ९७ जना र २०८०/८१ मा ६२ जना बालिकाको बैंक खातामा रकम जम्मा गरिएको छ ।"-उनले भने ।

उक्त कार्यक्रम सञ्चालन भएपछि उमेर पुगेर बच्चा जन्माउने, नियमित स्वास्थ्य चौकी आएर गर्भपरीक्षण गर्ने, अस्पतालमा नै सुत्केरी हुने, बच्चाको समयमै जन्म दर्ता गरिदिनेलगायतका सकारात्मक बानीको विकास भएको गाउँपालिका स्वास्थ्य शाखा प्रमुख कृष्ण सापकोटाले जानकारी दिए ।

# सुस्ता झोलुङ्गे पुल जोखिममा

नवलपरासी । पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका-५ स्थित झोलुङ्गे पुल जोखिममा रहेको छ ।

झोलुङ्गे पुलमा दैनिक क्षमताभन्दा बढी व्यक्ति ओहरदोहर गर्न थालेपछि पुल जोखिममा परेको सुस्ता बचाउ अभियानका उपाध्यक्ष आदम खानले बताए । उनले भने-"क्षमताभन्दा बढी व्यक्ति र मोटरसाइकल कुदाउँदा पुल जीर्ण बनेको छ ।" सम्बन्धित निकायले निगरानी नगर्दा समस्या भएको उनको भनाइ छ ।

नारायणी नदीमा बनेको झोलुङ्गे पुलबाट नदी र त्यस वरपरको मनोरम दृश्य हेर्न उल्लेख्य मात्रामा आन्तरिक पर्यटक आउने गरेका छन् । पछिल्लो समय भारतीय पर्यटकको रोजाइमा समेत सुस्ताको झोलुङ्गे पुल परेको छ । पर्यटकका लागि भन्दा पनि सुस्तावासीलाई सहजता प्रदान गर्न पुल निर्माण गरिएको सुस्ता गाउँपालिकाका अध्यक्ष टेकनारायण उपाध्ययले बताए । गाउँपालिकाले पुलको हेरचाहका लागि नगरप्रहरी परिचालन गरेको उनले जनाए ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हुमलाल भुसालका अनुसार गाउँपालिकाले पुल सञ्चालन तथा रेखदेख गर्न गत वर्ष ठेक्का आह्वान गरे पनि अघि बढ्न सकेन ।

"पन्ध्र महिनाका लागि रु ९ लाखमा ठेक्का आह्वान गरेका थियौं । कोहीको पनि निवेदन नपरेपछि पुनः आह्ह्वानको तयारी गरिरहेका छौं ।"-उनले भने । रु २३ करोडको लागतमा नारायणी नदीमाथि पुल निर्माण गरिएको हो । उक्त पुलको लम्बाइ एक हजार पाँच सय ७१ मिटर र चौडाइ एक मिटर ६० सेन्टिमिटर रहेको छ ।

### शिक्षा...

उनले सत्तामा बस्नेहरू थाकेर भाग्न सक्छन्, तर आन्दोलनमा उत्रिएका शिक्षक कर्मचारी माग पूरा नभइ आन्दोलनबाट नभाग्ने जिकिर गरे । उनले शिक्षकहरूको २४ बुँदे मागमध्ये सरकारले तत्काल गर्नसक्ने १६ बुँदाको कार्यसूची बनाएको र त्यो नै आधिकारिक दस्तावेज भएको बताए ।

उनले भने-'आज २७औं दिन पनि हजारौं शिक्षक आन्दोलनको मोर्चामा डटिरहेका छन् । यी शिक्षक कर्मचारी साथीहरू थाक्दैनन्, गल्दैनन् भाग्दैनन् । सत्तामा हुनेहरू थाक्लान्, तर शिक्षक कर्मचारीहरू थाक्दैनन्, गल्दैनन् । हिजो प्रहरीले प्रशासनले बर्बरताको पराकाष्ठा देखायो । नाङ्गो नाँच देखायो । शान्तिपूर्ण आदोलनमा रहेका शिक्षक कर्मचारीमाथि केही हेलमेटधारी भिजिलान्तेहरू खटाएर ढुङ्गामुडाको वातावरण सिर्जना गरायो र त्यही निहुँमा लाठी बर्षायो । फोहोरा हान्यो । हामी त्यसको घोर निन्दा गर्दछौं ।'

अध्यक्ष सुवेदीले आइतबारको आन्दोलनमा ६२ जना शिक्षक घाइते भएको भन्दै ६२ हजार शिक्षक घाइते हुन तयार रहेको, तर शिक्षा ऐन जारी नभएसम्म आन्दोलन नरोकिने बताए ।

उनले भने-'हिजो ६२ जना साथीहरू घाइते हुनुभएको छ । घाइतेहरू कोही आँखा चिम्लिएर, कोही खुट्टो खोच्याउँदै र कोही टाउकोमा पट्टी बाँधेर फेरि आन्दोलनको मोर्चामा आउनुभएको छ ।'

### कांग्रेसभित्र...

हुन्छ/हुँदैन, कोही नेतृत्व/पदाधिकारीहरू बोल्नुहुन्न,' उनले भने-'यसरी त पार्टी पनि चल्दैन, मुलुक पनि चल्दैन । को प्रधानमन्त्री हुने, को मन्त्री हुनेसँग जनतालाई सरोकार छैन ।'

सांसद कोइरालाले जनतालाई को प्रधानमन्त्री हुने र को मन्त्री हुने भन्नेमा सरोकार नभएको समेत बताए ।

'म सडकको जनताको कुरा गर्दैछु । नागरिकले धेरै कुरा खोजेका छैनन् । उनीहरूले तिमीहरू भ्रष्टाचार रोक, भ्रष्टाचार हुन नदेऊ भनेका छन् ।'- उनले भने ।

### एकै...

'मलाई सार्वजनिकरूपमा भन्दा कत्ति पनि आपत्ति हुँदैन, राप्रपाका अध्यक्ष राजेन्द्र लिङदेन मेरो अत्यन्त प्रिय भाइ हुनुहुन्छ, हिजो राजनीतिक आरोह अवरोमा विभिन्न घटना-दुर्घटना भए होला, अहिलेको घडीले उहाँको सक्रिय सहभागिता र नेतृत्वको आवश्यकता महसुस गरिरहेको छ ।'- थापाले भने ।

उनले अहिले राजसंस्था पुनःस्थापनाका लागि एकदमै अनुकूल वातावरण बनेको दाबी गरे । यो अवस्थामा पनि एक ठाउँमा उभिन नसके इतिहासले सराप्ने उनको भनाइ थियो ।

सभामा लिङ्देनले सबै देशभक्त र राष्ट्रवादी समूह एकजुट हुनुको विकल्प नभएको बताएका छन् । साथै, उनले पूर्वाग्रह त्यागेर देशलाई निकास दिन अपिल समेत गरेका छन् । सभामा राजसंस्था पुनर्स्थापनाका लागि जनआन्दोलन समितिका संयोजक नवराज सुवेदी, पञ्चायतकालीन नेता केशरबहादुर विष्ट, शिव सेना नेपालका उपाध्यक्ष गंगा चौधरीलगायतले सभालाई सम्बोधन गरेका थिए ।

उनीहरू तीनकुने घटनामा सरकारबाटै दमन भएको बताए । थुनामा रहेका राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रको नाम लिँदै रिहा गर्नुपर्ने माग गरे । तीनकुने घटनाका जनकमाण्डर तोकिएका दुर्गा प्रसाईंको नाम भने कसैले लिएनन् ।

सरकारले नै कार्यक्रम नै गर्न नदिई भड्काउने योजनाअनुसार अश्रु ग्यास प्रहार गरेको आरोप लगाएका उनीहरूले प्रसाईंका बारेमा नबोली आफ्नो मन्तव्य टुंग्याएका थिए ।

### लुम्बिनीमा...

२०२३ मा ६ लाख ५६ हजार नेपाली पर्यटकले लुम्बिनी भ्रमण गरेकोमा २०२४ मा वर्ष त्यो संख्या वृद्धि भएर ७ लाख २३ हजार ८ सय पुग्यो भने सन २०२५ मार्चसम्मको ३ महिनाको अवधिमा २ लाख ३७ हजार १ सय २७ पर्यटक लुम्बिनी मायादेवी मन्दिर आएका छन् । यो तथ्याङ्क भने रूपन्देही कपिलवस्तु र नवलपरासी बाहेकका पर्यटकको संख्या हो, मायादेवी मन्दिर प्रवेश गर्दा यि जिल्लाका नागरिकको टिकट नलाग्ने भएकोले तथ्याङ्कमा समाविष्ट हुँदैन ।

यस्तै २०२३ मा भारतीयहरू पर्यटकको संख्या २ लाख ६६ हजार भएकोमा २०२४ मा यो संख्या बढेर ३ लाख ८ सय ८९ जनाले भ्रमण गरिसकेको अधिकृत राईले बताए । जसमध्ये १४ हजार ३ सय २८ जना भिभिआइपी, भिआइपी, भारतीय विशिष्ट व्यक्ति र प्रतिनिधिहरू रहेका थिए । २०२५ को पछिल्लो ३ महिनामा ८० हजार ३ सय ९ जना भारतीय पर्यटक लुम्बिनी आए । विशिष्ट व्यक्तिहरूको आगमनले पनि भारतीय पर्यटकहरूको संख्या लुम्बिनीमा बढ्दो छ ।

बुद्धजन्म स्थल लुम्बिनीस्थित मायादेवी मन्दिरमा एकै दिन ३२ हजार बढी आन्तरिक तथा बाह्य पर्यटक आए । नव वर्ष २०८२ को पहिलो दिन मायादेवी मन्दिर क्षेत्रमा सो संख्यामा आन्तरिक एवं बाह्य पर्यटक त्यहाँ पुगेको लुम्बिनी विकास कोष सूचना शाखाका विकास लामाले बताए । उक्त दिन मायादेवी मन्दिर क्षेत्रमा बिहानैदेखि पर्यटकहरू त्यहाँ पुगेका थिए । धैरै पर्यटकहरू रूपन्देही, कपिलवस्तु र नवलपरासी क्षेत्रबाट आएका थिए । त्यसैगरी छिमेकी जिल्ला पाल्पालगायत र भारतीय तथा तेश्रो मुलुकका पर्यटक गरी ३ हजार १ सय बढी आएको तथ्याङ्क लुम्बिनी विकास कोषको सूचना शाखामा रहेको छ ।

लुम्बिनीमा बुद्धजयन्तीका दिन सबैभन्दा बढी पर्यटक पुग्ने गरेका छन् भने त्यसपछि नेपाली नयाँ वर्षको पहिलो दिन पनि पर्यटकहरू उत्तिकै त्यहाँ पुग्ने गरेका छन् । नव वर्षको पहिलो दिन आन्तरिक एवं बाह्य पर्यटकले लुम्बिनीमा मायादेवी मन्दिर अवलोकन गर्नुका साथै त्यहाँको अशोक स्तम्भ, पुष्करणीकुण्ड, विश्वशान्ति दीप तथा त्यहाँका विभिन्न स्वदेशी एवं विदेशी बौद्ध बिहारमा गई अवलोकन गर्ने र फोटो खिच्नमा व्यस्त देखिएका थिए । त्यसैगरी केन्द्रीय नहरमा बोटिङ गर्नेको भिड पनि उत्तिकै थियो । बैशाख महिनाको टन्टलापुर घामको पनि प्रवाह नगरी पर्यटकहरू बुद्ध जन्मस्थल लुम्बिनी पुगेका थिए । नव वर्षको पहिलो दिन लुम्बिनी आउने पर्यटकहरूले त्यहाँ आएर तस्विर खिची टिकटक बनाई विभिन्न सामाजिक सञ्जालमा राख्दा लुम्बिनीको थप प्रचार भएको छ ।

लुम्बिनीप्रतिको आस्था बढ्दै गएकाले र यहाँ आध्यात्मिक कार्यक्रमहरू पनि हुने गरेकोले विस्तारै बुद्ध जन्मस्थल मायादेवी मन्दिर आउने दर्शनार्थीहरूको संख्या बढ्दै गएको छ, यहाँ धेरै सम्भावनाहरू भएकोले अध्यात्मिक कार्यक्रमहरू थप आयोजनाका लागि विकास कोषले पहल गर्न सके यो क्षेत्रमा गुल्जार हुँदै जाने लुम्बिनी होटल संघका अध्यक्ष गोविन्द ज्ञवालीले बताए । लुम्बिनीमा धैरै जसो ध्यान भएकोले देशव्यापी कार्यक्रमहरू पनि यही हुने गरेको छ । मोन्लम, त्रिपिटक च्यान्टिङ्गलगायतका आध्यत्मिक कार्यक्रमहरू मात्रै नभई संस्थागत कार्यक्रमहरू पनि लुम्बिनीमा हुनपर्छ भन्ने मान्यता आएकोले पनि लुम्बिनी प्रति आकर्षण बढ्दै गाएको छ । यसले पर्यटनको विकास सँगसँगै होटल व्यवसायी पनि पर्यटकहरूलाई लुम्बिनीमा १ दिन रोक्न सके यस क्षेत्रका पर्यटन व्यवसायीहरू जीविकोपार्जन चल्ने अध्यक्ष ज्ञवाली बताउँछन् ।

बेलहिया नाका हुँदै सबैभन्दा बढी पर्यटक लुम्बिनीका लागि आउने भएकोले नाकामा हुने अध्यागमनमा ढिलाइ, अव्यवस्थित सीमाका पूर्वाधार र पर्यटकमाथि हुने मानवीय व्यवहारलाई पनि सुधार गर्नुपर्ने पर्यटन व्यवसायीको माग छ । पछिल्लो समय यो नाकामा पर्यटनमैत्री वातावरण नहुँदा पर्यटकहरू सास्ती खेपेर नै नेपाल आउने गरेका छन् । बुद्ध जन्मस्थल लुम्बिनीलाई विश्वविख्यात पत्रिका न्यूयोर्क टाइम्सले विश्वका घुम्नलायक उत्कृष्ट स्थानको सूचीमा राखेको छ । सन् २०२५ मा घुम्न जानुपर्ने विश्वका उत्कृष्ट ठाउँमध्येको नवौं स्थानमा लुम्बिनी रहेको छ । २०२५ मा पुग्नैपर्ने विश्वका ५२ उत्कृष्ट ठाउँमध्ये लुम्बिनी नवौं स्थानमा परेपछि पर्यटन व्यवसायीहरू पनि उत्साहित भएको बुद्धग्रामका सञ्चालन पुरूषोत्तमले जानकारी दिए ।

**रजिष्टेशन सर्टिफिकेट हराएको सूचना**

मेरो निम्न व्यहोराको नेपाल फार्मेसी परिषदको रजिष्टेशन सर्टिफिकेट यही मिति २०८१।१२।०५ गते बुटवलबाट परासी आउने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरूले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम - बाबि देवाल चौधरी
ठेगाना -रामग्राम नगरपालिका वडा नं. १८
पण्डितपुर नवलपरासी (बसुप)
रजिष्टेशन नं.- A१२४५५
मोबाईल न -९७४२३६९२४१

**सरावल गाउँपालिकाको अनुरोध**

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो गाउँ एवम् बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- गाउँपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

अनुरोधक
**सरावल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**नवलपरासी (बसुप), लुम्बिनी प्रदेश, नेपाल**

**भट्टराई सोप एण्ड केमिकल प्रा. लि. को उद्योग निर्माण तथा संचालन योजनाको**

**वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुचना**

प्रकाशन मिति :२०८२/०१/१७

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, सैनामैना नगरपालिका ११ मा भट्टराई सोप एण्ड केमिकलद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | भट्टराई सोप एण्ड केमिकल ,सैनामैना ११, रुपन्देही ,९८६७३०७५१८/९८५७०८३५१८ bhattaraishoapchemical@gmail.com |
| प्रस्तावकको व्यहोरा | भट्टराई सोप एण्ड केमिकल प्रा.लि.को उद्योग निर्माण तथा संचालन योजना |
| प्रभाव पर्न सक्ने जिल्ला/ न.पा./गा.पा. | रुपन्देही जिल्ला, सैनामैना ११ |

माथि उल्लिखित प्रस्तावको वातावारणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सुनुवाई प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराईदिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्रचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | भट्टराई सोप एण्ड केमिकल ,सैनामैना ११, रुपन्देही ९८६७३०७५१८९८५७०८३५१८ bhattaraishoapchemical@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | ढल्पुरा इन्जिनियरिंग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि. बुटवल उपमहानगरपालिका-११, रुपन्देही, ९८६४९४३०२७/९८००७३०९६६, dhalpuraecc199@gmail.com |

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# एसपी राठौरले १४ महिनामा के गरे ?

### ७ सय ९२ जना फरार प्रतिवादीलाई नियन्त्रणमा लिई ४६० वर्ष १० महिना १० दिन कैद असुल, ६ करोड ९५ लाख जरिवाना असुल र ११ करोड ५६ लाख बढीको अवैध सामान नियन्त्रण गरेका थिए ।



**लुम्बिनी संवाददाता**
*भैरहवा*

२०८० फागुन १७ गते जिल्ला प्रहरी कार्यालय रूपन्देहीको कार्यभार सम्हालेका एसपी रंजित सिंह राठौरझण्डै १४ महिना बसेर सरूवा भएका छन् । जिल्लाको कार्यभार सम्हालेका राठौरले भएको जनशक्तिको अधिकतम प्रयोग गरी प्रविधिलाई सँगसँगै जोडेर काम गरे भने पूर्वाधार र आवश्यक स्थानको पहिचान गरि विभिन्न युनिटहरू स्थापना र प्रस्ताव जस्ता महत्वपूर्ण कामहरू गरेका छन् ।

राठौरले रूपन्देही आएलगत्तै तस्करमाथि निर्मम तरिकाले निगरानी गरेका थिए भने फरार प्रतिवादीहरू पनि धमाधम पक्राउ गर्दै आए । ड्युटी प्रहरीसँगै सादा पोशाकका प्रहरीहरू परिचालन गरी दैनिक रूपमा अवैध सामान ओसारपसार गर्ने र फरार प्रतिवादीहरूलाई नियन्त्रणमा लिने काम उनी आएको पहिलो हप्ताबाटै सुरु गरे । भण्डै ३ हजार बढी फरार प्रतिवादी रहेको रूपन्देहीमा उनले अभियानकै रूपमा टिम बनाई सफलता हासिल गर्दै गए । उनले १४ महिनाको अवधिममा मात्रै रूपन्देहीबाट करिब ७ सय ९२ जना फरार प्रतिवादीहरूलाई नियन्त्रणमा लिए । अदालतबाट दोषी ठहर भएर कैद, जरिवाना वा दुवै सजाए तोकेर भुक्तान नगरेका फरार प्रतिवादीलाई रूपन्देही प्रहरीले अभियानकै रूपमा कार्य अगाडि बढाएको थियो । फरार प्रतिवादी पक्राउ गरी ४६० वर्ष १० महिना १० दिन कैद असुल र ६ करोड ९५ लाख २८ हजार ३३२ बराबर जरिवाना असुल उपर गरेको छ । 'नियमित कामसँगै पछिल्लो समय अदालतको फैसला कार्यान्वयन गर्न फरार प्रतिवादी खोजी गर्ने काममा लागेको बताउँदै कहिले कम कहिले बढी रूपमा फरार प्रतिवादीहरू पक्राउ गरिरहेका छौं । सजाय फैसला भएका त्यस्ता व्यक्तिहरू समाजमा खुलेआम घुमफिर गर्नु पनि सुरक्षा चुनौतीको रूपमा रहेकोले पक्राउ गरिएको छ,' प्रहरी प्रमुख राठौरले भने-'फौजदारी र देवानी दुवै प्रकृतिको मुद्दामा फरार प्रतिवादीहरूलाई निरन्तर पक्राउ गरिरहेको छौं ।'

प्रहरीलाई आएको सूचना र नियमित चेकजाँचका आधारमा तस्कर र अवैध सामान बरामद निरन्तर गर्दै प्रहरीलाई प्रलोभनमा पार्ने विरुद्ध पनि जाइलागे । तस्करहरूले विभिन्न नाकाबाट अवैध ओसारपसारमा सक्रियता देखाएको बेला कमाण्डले तस्करका योजना विफल बनाउनेमा प्रयासरत रही रहे । एसपी राठौर यस अघि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत हुँदा समेत यस क्षेत्रको भौगोलिक अवस्थाबारे बुझेका थिए, जसले अहिले काम गर्नमा सहजता मिलेको थियो । एसपीकै एक्शनले कतिपय तस्करहरू हच्किए भने कतिपयले तस्कर पेशा नै छाडे त केही यहाँबाट पलायन भए ।

खुला सिमाका कारण सीमित साधन स्रोतका बाबजुद सुरक्षा निकायले नियमित कामसँगै सिमामा हुने अवैध क्रियाकलाप नियन्त्रणका लागि खटिएर कार्यभारको समयावधिमा ११ करोड ५६ लाख बढीको सामान बरामद गरी सम्बन्धित निकायमा पठाए । एसपीको कमाण्डमा २०८० फागुनमा २५ जना फरार प्रतिवादी पक्राउ र ७६ लाखको भन्सार छलीको सामान बरामद भयो । चैत्रमा ४८ जना फरार प्रतिवादी र २ करोड ८ लाखको अवैध सामान, बैशाखमा १९ जना पक्राउ र ८० लाखको अवैध सामान, जेठमा १२० जना पक्राउ र ६३ लाखको अवैध सामान, असारमा ४९ जना पक्राउ परे भने ५१ लाखको अवैध सामान नियन्त्रणमा लिए ।

यस्तै आर्थिक वर्षको सुरुवातसँगै साउनमा २८ जना फरार प्रतिवादीहरूलाई पक्राउ गरे भने भन्सार छलीका अवैध सामान ७५ लाखको नियन्त्रणमा लिए, भदौमा १९ जना, असोजमा १६ जना, कार्तिकमा ११ जना, मंसिरमा १० जना, पुषमा ८५ जना, माघमा १६० जना, फागुनमा ११३ जना र चैत्रमा ८९ जना फरार प्रतिवदीहरूलाई पक्राउ गरी फैसला कार्यान्वयनमा योगदान दिए ।

राठौरले सीमाबाट हुने अवैध कारोबारलाई रोक्न कडा रूपमा प्रस्तुत हुँदा भन्सार राजस्वमा करोडौ दाखिला भयो । मौलाउँदै गरेको तस्करीलाई रोक्न उनले सबै युनिट इञ्चार्जहरूलाई निर्देशन दिँदै अवैध गतिविधि नियन्त्रणमा लागिरहे । भदौमा ५७ लाख, असोजमा १ करोड ११ लाख, कार्तिकमा ९१ लाख, मंसिरमा ६० लाख, पुषमा ३८ लाख, माघमा ८० लाख, फागुनमा १ करोड र चैत्रमा ६० लाख बराबरको अवैध भन्सार छलीको सामान नियन्त्रणमा लिई भन्सार तथा सम्बन्धित निकायमा पठाएको छ ।

झण्डै १२ करोडको अवैध राजस्व छलीको बरामद गरेको सामानमध्ये १ करोड ९५ लाखको कपडा, १८ लाखको प्याज, ५८ लाखको चिनी, ३ करोड ३५ लाखको किराना सामान, ७८ लाखको कुखुरा, ६ लाखको माछालगायतको सामान रहेको छ । यस्तै राजस्व छली तथा चोरी तस्करीमा संलग्न २ सय ३८ वटा मोटरसाइकल, १० वटा पिकअप, १ वटा कन्टेनर, १ वटा ट्र्याक्टर, १५ वटा ट्रक, २ वटा अटो र २ वटा कार समेत नियन्त्रणमा लिई कारबाहीका लागि भन्सार पठाइएको छ । '१४ महिनाको दौरान, राजस्व छली र तस्करीमा संलग्न ६२ जना मानिसलाई नियन्त्रणमा लिई बुझाएका छौं भने केहीविरुद्ध अझैं पनि मुद्दा चलिरहेको छ ।'-उनले भने ।

मातहतमा खटाएको इञ्चार्जको सुक्ष्म निगारानी गरिरहेका एसपीले आवश्यकताअनुसार जिल्लामा युनिट मात्रै थपेनन युनिटका इञ्चार्जहरू पनि माथिल्लो तहका प्रहरी कर्मचारीलाई खटाए । प्रहरी युनिटको आवश्यकता अनुसार असइबाट सइ, सइबाट वरिष्ट सइ र इन्सपेक्टरसम्मको ड्युटी खटाएका छन् । रूपन्देहीमा भएका युनिटहरूको अपग्रेडदेखि, भौतिक पूर्वाधार र जनशक्तिको आवश्यकताअनुसार स्थायी र अस्थायी युनिट खडा गरी ९० वटा युनिटबाट प्रहरी सेवा भइरहेको छ भने ४ वटा प्रस्तावित छ । केही प्रहरी चौकीहरूमा माथिल्लो तहको प्रहरी खटाए पनि चौकीको अपग्रेडको लागि पनि जिल्लाबाट प्रस्ताव भएको छ ।

रूपन्देही जिल्लाको कार्यभार सम्हाल्दै गर्दा ठूलो मात्रामा लागुऔषधसहित मानिसहरू पनि पक्राउ परेका छन् । यस्तै अवैध उत्खनन् तथा ओसारपसारमा संलग्न १२७ वटा सवारीसाधनबाट नदीजन्य सामग्री नियन्त्रण र पक्राउ गरी ३८ लाख ८२ हजार रुपैयाँ जरिवाना, जेसिभी १३ वटा, टिपर ३५ वटा, ट्र्याक्टर ७८ वटा, छोटा हात्ती १ वटा र केही मानिसलाई पक्राउ गरिएको छ ।

यति मात्रै होइन सुरक्षाको अनुभत दिलाउनेदेखि अपराध घटनाहरू सफलता पूर्वक अनुसन्धान गरी जिल्लामा १ हजार ९ सय ८४ मुद्दा दर्ता गर्दै १ हजार १सय ७५ फछ्र्यौट भए र अझैं ८ सय १४ मुद्दा अनुसन्धानमै रहेका छ । यी सफलता एक जनाको मात्रै होइन, टिमवर्क र प्रविधिको प्रयोग गर्दै उपलब्धि भएको एसपी राठौरको भनाइ छ ।

**२ प्रहरी निरीक्षकसहित ४१ प्रहरी कारबाहीमा**

प्रहरीमा गलत काम गर्नेलाई कारबाही र राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने गर्छ । प्रहरी संगठनको उद्देश्य र लक्ष्यविपरीत काम गर्ने प्रहरी कर्मचारीलाई कारबाही हुने गर्छ । रूपन्देहीमा पछिल्लो १४ महिनाको अवधिमा ४१ जना प्रहरी कारबाहीमा परेका छन् । जिल्ला प्रहरी कार्यालय रूपन्देहीले दिएको तथ्याङ्क अनुसार गलत काम गर्ने ४१ जनालाई कारबाही र राम्रो काम गर्ने ६८ जना प्रहरी पुरस्कृत भएका छन् । भ्रष्टाचार, संगठनको आचारसंहिता उल्लंघन, कामकारबाहीमा लापरबाही, गैर व्यावसायिक कार्य र अनुसाशनहिनलगायतका काम गरेका प्रहरी कर्मचारीलाई कारबाही हुने गर्छ । पछिल्लो १४ महिनाको अवधिमा २ जना प्रहरी निरीक्षक, प्रहरी वरिष्ट नायव निरीक्षक १ जना, प्रहरी नायव निरीक्षक २ जना, प्रहरी सहायक निरीक्षक ६ जना, प्रहरी वरिष्ट हवल्दार १ जना , प्रहरी हवल्दार ६ जना, प्रहरी सहायक हवल्दार ९ जना, प्रहरी जवान १३ जना गरी कुल ४१ जनालाई कारबाही गरिएको हो ।

गम्भीर किसिमको भ्रष्टाचारमा संलग्नलाई सेवाबाट हटाउने तथा बर्खास्तीको कारबाही हुने गर्छ । यसैगरी कारबाही स्वरूप पदोन्नति रोक्का, कारबाही स्वरूप तलब कट्टी, तल्लो टाईम स्केलमा घटुवा, नसिहत, सख्त चेतावनी दिइने गरिन्छ । गम्भीर किसिमको भ्रष्टाचारमा संलग्नलाई नोकरीबाट हटाउने तथा बर्खास्तीको कारबाही हुने गरेको छ । कारबाहीमा पर्नेहरूको बढुवा र पदोन्नतिमा असर पर्ने गर्छ ।

प्रहरीले कारबाही मात्र नगरी राम्रा काम गर्नेलाई पुरस्कृत गर्ने गर्छ । पछिल्लो १४ महिनामा प्रहरी नायव उपरीक्षक २ जना, प्रहरी निरीक्षक ८ जना, प्रहरी वरिष्ट नायव निरीक्षक ७ जना, प्रहरी नायव निरीक्षक ८ जना, प्रहरी सहायक निरीक्षक ६ जना , प्रहरी वरिष्ट हवल्दार ३ जना, प्रहरी हवल्दार ८ जना, प्रहरी सहायक हवल्दार १३ जना र प्रहरी जवान १३ जना गरी कुल ६८ जनालाई पुरस्कृत गरिएको छ ।

कार्यालयको प्रस्तावमा प्रहरी प्रधान कार्यालय, मानवश्रोत विकास विभाग कर्मचारी प्रशासन शाखाअन्तर्गत प्रहरी महानिरीक्षकको निर्णयअनुसार पदोन्नति हुने गरेको छ । जिल्ला प्रहरी कार्यालय रूपन्देहीले विगतमा पनि उत्कृष्ट कार्य गर्ने प्रहरीलाई महिनापिच्छे पुरस्कृत गर्दै आएको थियो । प्रहरी उपरीक्षक हेमकुमार थापाले जिल्लाको कार्यभार सम्हालेदेखि जिल्ला प्रहरी र मातहत कार्यरत प्रहरी कर्मचारीलाई कामको मूल्यांकन गरेर हरेक महिना उत्कृष्ट प्रहरी अवार्ड र पुरस्कार दिँदै आएका थिए । यस्तै प्रहरी उपरीक्षक मनोज केसीले पनि कार्यभार सम्हाल्दा प्रहरी इन्टिग्रीटी अवार्ड भन्दै मासिक रूपमा प्रहरी कर्मचारीहरूलाई सम्मान गर्ने गरेका थिए । सधैँ गलत गर्नेलाई प्रहरीलाई कारबाही गर्नु मात्र नभई उत्कृष्ट काम गर्नेलाई पुरस्कृत गरेर पनि सुधार ल्याउन सकिन्छ भन्ने उद्देश्यले प्रोत्साहन स्वरूप अवार्ड दिने गरेको थियो ।

ठूलो परिमाणमा लागुऔषध बरामद गर्ने, संगठित प्रकृतिको अपराधको अनुसन्धान तथा प्रहरी कार्बाहीमा प्रभावकारी भूमिका निर्वाह गर्ने, विध्वंसात्मक गतिविधिमा संलग्न व्यक्तिहरूलाई पक्राउ गर्ने, आदेश-निर्देशनको पालना गर्ने, लगनशील र कर्तव्यनिष्ठ तवरले कर्तव्यपथमा तल्लीन रहने, आम सर्वसाधारण नागरिकहरूलाई सुरक्षाको अनुभूति दिने, कर्तव्य ज्यान वा पुराना प्रतिवादीहरूलाई पक्राउ गर्न सहयोग पुऱ्याउनेलगायतका सूचकको आधारमा उत्कृष्ट प्रहरीलाई सम्मान गर्ने गरिएको थियो । अवार्डले प्रहरीबिच कामको प्रतिस्पर्धात्मक विकास, मनोबल बढ्नुका साथै चेकजाँचमा दुरूस्तता, सबै प्रहरी सूचनामा अपडेट पनि हुने गरेका थिए ।

# 'विद्युतीय सवारीलाई अवसरको रूपमा लिऔं'

बुटवल । विद्युतीय सवारी साधनलाई चुनौतीभन्दा अवसरको रूपमा लिनुपर्ने सरोकारवालाले बताएका छन् । बुटवल अटो इञ्जिनियरिङ एसोसिएसन रूपन्देही लुम्बिनीको आयोजनामा बुटवलमा आयोजना भएको विद्युतीय सवारी साधनका बारेमा कामदारहरूलाई क्षमता अभिवृद्धि कार्यक्रमको उद्घाटन समारोहमा बोल्ने वक्ताहरूले उक्त कुरामा जोड दिएका हुन् ।

कार्यक्रममा बोल्दै पूर्व अध्यक्ष प्रेमबहादुर फौदारले अटो व्यवसायीहरू प्रयोगात्मक शिक्षामार्फत् अगाडि बढेको बताउँदै विद्युतीय सवारी साधनलाई अवसरको रूपमा लिएर काम गर्न आग्रह गरे । उनले यसो गर्न सकेमा अटो क्षेत्रका व्यवसाय थपिएका प्रविधिहरूमा प्रतिस्पर्धा गर्न अब्बल हुनेमा जोड दिए । विद्युतीय सवारीको बारेमा भ्रमहरू रहेको बताउँदै उनले यसका सकारात्मक पक्षहरूको बारेमा जानकारी दिन आवश्यक रहेको बताए । उनले बुटवलमा नै प्राविधिक विश्वविद्यालय सञ्चालनको तयारी रहेको बताउँदै आवश्यक छलफल र अध्ययन भइरहेको जानकारी दिए ।

संस्थाका अध्यक्ष प्रेम गौचनले अहिले पछिल्लो तथ्याङ्कअनुसार गाडी बिक्रीको ७० प्रतिशत विद्युतीय सवारीहरू बिक्री भइरहेकोले भविष्यमा यसले ग्यारेजमा ईभि गाडी नै आउने तर्क गरे । नयाँ प्रविधिको बारेमा प्राविधिक कामदारहरूलाई दक्ष बनाउनको लागि कामहरू भइरहेको बताउँदै आवश्यक कार्यहरूमा सक्रियताका साथ लागेको उल्लेख गरे ।

रूपन्देही उद्योग संघका वरिष्ठ उपाध्यक्ष हरिबहादुर खत्रीले अहिले विद्युतीय सवारीको माग र बजार राम्रो भएकोले यसतर्फ ध्यान दिएर काम गर्न प्राविधिकहरूलाई आग्रह गरे । उनले सिकेको सीप आफैँसँग रहने भन्दै मैनाबगरको गरिमा बढाउन आग्रह गरे ।

नेपाल अटो मेकानिस्क महासंघका पूर्व केन्द्रीय अध्यक्ष जनार्दन गैरेले इभि गाडी अहिलेको राम्रो संभावना रहेको बताउँदै यसतर्फ ध्यान दिन आग्रह गरे । उनले यस्ता तालिमहरूमा प्राविधिकहरूलाई अनिवार्य सहभागी गराउनको लागि आग्रह गरे ।

कार्यक्रममा पूर्व अध्यक्ष भोजबहादुर बुढाथोकीले डिजेल पेट्रोलका गाडीसँगै विद्युतीय सवारीहरूको मर्मतमा ध्यान दिएमा व्यवसाय पलायन हुननपर्नेमा जोड दिए । स्वास्थ्य सल्लाहकार इन्द्रबहादुर राईले विद्युतीय सवारी मर्मत गर्दा वा यात्रा गर्दा केही दुर्घटना भइहाले अस्पतालसम्म पुऱ्याउने जानकारी मूलक तालिम पनि आवश्यक पर्नेमा जोड दिए ।

उद्योग उपाध्यक्ष एवं प्राविधिक तालिम विभाग प्रमुख ध्रुव राज भुसालको स्वागत तथा महासचिव पुनीत पोखरेलको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो । रूपन्देही उद्योग संघ र इनसोर परियोजनाको सहयोगमा सुरु भएको तालिममा ३० जना मजदुर कामदारहरू सहभागी रहेका छन् । तालिममा केएनआइटिका प्रशिक्षकहरू मिलन न्यौपाने, सन्दीप लेखक र सचिन अधिकारीले प्रशिक्षण गर्नेछन् । सोमबारदेखि हुने तालिम जेठ ९ गतेसम्म ९६ घण्टा सञ्चालन हुनेछ ।

गाउँवासीहरूमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्नै गरौं ।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

भूपाल पोखरेल
अध्यक्ष

धुर्कोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी

सामाजिक सुरक्षा कोषमा सहभागी बनौं

सामाजिक सुरक्षा कोषले संचालन गर्ने योजना अन्तर्गत,
-औषधी उपचार तथा स्वास्थ्य सुरक्षा योजना,
-मातृत्व सुरक्षा योजना,
-अशक्तता सुरक्षा योजना,
-आश्रित परिवार सुरक्षा योजना
-वृद्धावस्था सुरक्षा योजना
-बेरोजगार सहायता योजनामा सहभागी भई लाभान्वित होऔं ।
सामाजिक सुरक्षा कोषमा आबद्धता, आफ्नो र परिवारको भविष्य सुनिश्चितता ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

साइबर सुरक्षाबारे सचेत रहौं

-अपरिचित इमेल, सन्देश र लिंकहरु नखोलौं ।
-संवेदनशील जानकारी (पासवर्ड, बैंक विवरण) सुरक्षित राखौं ।
-अनधिकृत सफ्टवेयर डाउनलोड नगरौं ।
-फर्जी वा अनलाइन लगानी (क्रिप्टोकरेन्सी) जस्ता साइटहरुबाट हुन सक्ने ठगीबाट जोगिऔं ।
-सामाजिक सञ्जालमा आफ्नो ठेगाना, फोन नम्बर र वित्तीय विवरण नराखौं ।
-आफ्नो पासवर्डलाई बलियो राखौं र नियमित रुपमा परिवर्तन गरौं ।
-वाई-फाई नेटवर्कको पासवर्ड सुरक्षित राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com